# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५३) काठमाडौं, फागुन ११ गते २०६० साल (अतिरिक्ताङ्क ६८( क )

## भाग ३

श्री ५ को सरकार

### जलस्रोत मन्त्रालयको सूचना

### सिंचाइ (पहिलो संशोधन) नियमावली, २०६०

सिंचाइ नियमावली, २०५६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ को सरकारले जलस्रोत ऐन, २०४९ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरु बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यी नियमहरुको नाम "सिंचाइ (पहिलो संशोधन) नियमावली, २०६०" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. सिंचाइ नियमावली, २०५६ को नियम २ मा संशोधन: सिंचाइ नियमावली, २०५६ (यसपछि "मूल नियमावली" भनिएको) को नियम २ को,-

(१) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राखिएको छ-

"(च) "कार्य समिति" भन्नाले नियम ३ बमोजिम दर्ता भएको उपभोक्ता संस्थाको कार्य समिति सम्झनु पर्छ ।

(२) खण्ड (झ) मा रहेका "परियोजना कार्यालयलाई " भन्ने शब्दहरू झिकिएका छन् ।

३. मूल नियमावलीको नियम ३ मा संशोधन: मूल नियमावलीको नियम ३ को,-

(१) उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ:-

"(१) देहाय बमोजिमका सिंचाइ प्रणालीका उपभोक्ताहरूले उपलब्ध भएसम्म तेत्तीस प्रतिशत महिला, दुईजना दलित, उत्पीडित र पिछडिएका जनजाति सहित एघार जनासम्मको कार्य समिति गठन गरी उपभोक्ता संस्थाको दर्ताको लागि अनुसूची-१ बमोजिमको ढाँचामा सम्वन्धित सिंचाइ कार्यालयमा दरखास्त दिनु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) श्री ५ को सरकारले निर्माण गरी सञ्चालन गरेको,

(ख) श्री ५ को सरकारले मर्मत सम्भार एवं सुधार गरेको,

(ग) कृषक समूहबाट निर्माण भई संचालन भएको ।"

(२) उपनियम (२) मा रहेका "प्रत्येक उपभोक्ता सो संस्थाको स्वतः साधारण सदस्य भएको मानिनेछ ।" भन्ने वाक्यांश हटाईएको छ ।

४. मूल नियमावलीको नियम ४ मा संशोधनः मूल नियमावलीको नियम ४ को सट्टा देहायको नियम ४ राखिएको छः-

"४ उपभोक्ता संस्थाको निर्वाचन तथा कार्य समिति विघटनः (१) कार्य समितिको पदाधिकारीको निर्वाचन तथा पदावधि सो संस्थाको विधानमा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपभोक्ता संस्थाको दुई तिहाई साधारण सदस्यको निर्णयले कुनै सिंचाइ प्रणालीको प्रभावकारी रुपमा संचालन गर्न नसकेको आधारमा कार्य समिति विघटन गर्न सकिनेछ ।

(३) कुनै कार्य समितिले यस नियमावली वा स्वीकृत विधान विपरीत काम गरेको पाइएमा सम्बन्धित सिंचाइ कार्यालयले त्यस्तो कार्य समितिलाई बढीमा पन्ध्र दिनको म्याद दिई कारण सहितको जवाफ माग गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम दिइएको म्यादभित्र जवाफ पेश नगरेमा वा पेश गरेको जवाफ सन्तोषजनक नभएमा सम्बन्धित सिंचाई कार्यालयले त्यस्तो कार्य समिति विघटन गर्न उचित र पर्याप्त कारण सहितको सिफारिश विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम कुनै कार्य समिति विघटन गर्न सिफारिश भई आएमा विभागले उपयुक्त कारण र औचित्यको आधारमा त्यस्तो कार्य समिति विघटन गर्ने स्वीकृति दिनेछ र सम्बन्धित सिंचाइ कार्यालयले विभागको स्वीकृतिको आधारमा कार्य समिति विघटन गर्ने निर्णय गर्नेछ ।

(६) नियम ८क. को उपनियम (१) र (२) बमोजिमको म्यादभित्र नवीकरण नभएको कार्य समिति स्वतः विघटन भएको मानिनेछ ।

(७) यस नियम बमोजिम विघटन भएको कार्य समितिको नयाँ निर्वाचन नभएसम्म त्यस्तो सिंचाइ प्रणालीलाई ऐन र यस नियमावली बमोजिमको कुनै सुविधा उपलब्ध गराईने छैन ।

(८) यस नियम बमोजिम कुनै कार्य समिति विघटन भएमा सम्बन्धित सिंचाइ कार्यालयले आफ्नो प्रत्यक्ष रेखदेखमा तीन महिनाभित्र सम्बन्धित जिल्ला सिंचाइ उपभोक्ता संघ मार्फत त्यस्तो कार्य समितिको निर्वाचन गराउनु पर्नेछ र निर्वाचन नभएसम्मको लागि सम्बन्धित जिल्ला सिंचाइ उपभोक्ता संघले तदर्थ समिति बनाई कार्य संचालन गराउनु पर्नेछ।"

५. मूल नियमावलीको नियम ५ मा संशोधन : मूल नियमावलीको नियम ५ को,-

(१) उपनियम (१) को खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशमा रहेको "तर संरचनालाई असर पर्ने गरी" भन्ने शब्दहरुको सट्टा "तर सिंचाइ प्रणालीलाई असर पर्ने गरी भौतिक संरचना," भन्ने शब्दहरु राखी सोही उपनियमको खण्ड (च) पछि देहायका खण्ड (छ), (ज) र (झ) थपिएका छन्:-

"(छ) उपभोक्तासँग सेवा शुल्क उठाई सम्बन्धित सिंचाइ कार्यालयले तोकिदिएको स्थानमा जम्मा गर्ने,

(ज) सेवा शुल्क नबुझाउने उपभोक्तालाई सेवाबाट वञ्चित गर्ने, विलम्ब शुल्क लिने र सोको जानकारी सम्बन्धित सिंचाइ कार्यालयलाई दिने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

52

(झ) सिंचाइ प्रणाली र सोको संरचना कसैले भत्काएमा वा विगारेमा, हेरफेर गरेमा, अवरोध गरेमा वा त्यस्तो कार्य गर्न लागेको जानकारी हुन आएमा सो सम्वन्धी सूचना सम्वन्धित सिंचाइ कार्यालयलाई दिने।"

(२) उपनियम (२) मा रहेका "संरचनाको मर्मत सम्भार गर्नुपर्दा" भन्ने शव्दहरुको सट्टा "उपनियम (१) बमोजिमको काम, कर्तव्य र अधिकारको प्रयोग गर्दा" भन्ने शव्दहरु राखिएका छन्।

६. मूल नियमावलीको नियम ७ मा संशोधन: मूल नियमावलीको नियम ७ को उपनियम (१) मा रहेको "र सोको जानकारी" भन्ने शव्दहरु पछि "जिल्ला सिंचाइ उपभोक्ता संघ र" भन्ने शव्दहरु थपिएका छन्।

७. मूल नियमावलीमा नियम ८क. थप: मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८क. थपिएकों छ :-

"८क. नवीकरण: (१) यस नियमावली बमोजिम दर्ता भएका प्रत्येक उपभोक्ता संस्थाले आर्थिक वर्ष समाप्त भएको मितिले नब्बे दिनभित्र महालेखा परीक्षकको विभागबाट मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई सो को प्रतिवेदन र वार्षिक प्रतिवेदन संलग्न गरी सम्वन्धित सिंचाइ कार्यालयमा नवीकरणको लागि दरखास्त दिनु पर्नेछ।

(२) कुनै कारणबाट उपनियम (१) बमोजिमको म्यादभित्र दरखास्त दिन नसकेमा सो समेत खुलाई एकसय रुपैयां विलम्ब शुल्क समेत संलग्न गरी थप नब्बे दिनभित्र नवीकरणको लागि दरखास्त दिनु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम दरखास्त पर्न आएमा सम्वन्धित सिंचाइ कार्यालयले सात दिनभित्र नवीकरण गरिदिनु पर्नेछ। नविकरण गर्नु नपर्ने कुनै कारण भएमा सोको लिखित जानकारी सम्वन्धित उपभोक्ता संस्थालाई दिनु पर्नेछ।"

८. मूल नियमावलीको नियम १२ मा संशोधन: मूल नियमावलीको नियम १२ को सट्टा देहायको नियम १२ राखिएको छ:-

"१२. बृक्षारोपण तथा रुख विरुवाको संरक्षण: (१) उपभोक्ता संस्थाले प्रचलित वन ऐन तथा नियमावली बमोजिम सम्वन्धित वन कार्यालयबाट सामुदायिक वन कार्ययोजना स्वीकृत गराई सो बमोजिम नहर, शाखा नहर, प्रशाखा नहर, कुलो वा कुलेसोको किनारा वा सीमा (राइट अफ वे) मा वृक्षारोपण गर्न सक्नेछ। त्यसरी वृक्षारोपण गर्ने स्थान निर्धारण गर्दा सम्वन्धित सिचाइ कार्यालयसँग समन्वय गर्नु पर्नेछ।

(२) उपभोक्ता संस्थाले उपनियम (१) बमोजिमको कार्ययोजना स्वीकृत नभएसम्म देहाय बमोजिमको समितिको स्वीकृति लिई नहर, शाखा नहर, प्रशाखा नहर, कुलो कुलेसोको किनारा वा सीमामा रहेका, सडेका वा ढलेका रुख काँट छाँट गरी विक्रि गर्न सक्नेछ:-

| | | |
|---|---|---|
| (क) | सम्वन्धित सिंचाइ कार्यालयको प्रमुख | - संयोजक |
| (ख) | सम्वन्धित जिल्ला विकास समितिको प्रतिनिधि | -सदस्य |
| (ग) | सम्वन्धित जिल्ला प्रशासन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (घ) | सम्वन्धित जिल्ला वन कार्यालयको अधिकृतस्तरको प्रतिनिधि | -सदस्य |
| (ङ) | सम्वन्धित उपभोक्ता संस्थाको अध्यक्ष | -सदस्य |
| (च) | सम्वन्धित जिल्ला सिंचाइ उपभोक्ता संघको प्रतिनिधि | -सदस्य |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपनियम (२) बमोजिमको समितिको बैठक सम्बन्धी कुरा समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।"

९. <u>मूल नियमावलीको नियम २१ मा संशोधन</u>: मूल नियमावलीको नियम २१ को उपनियम (१) मा रहेका "जिल्ला कृषि विकास कार्यालयसंग" भन्ने शब्दहरुको सट्टा "जिल्ला कृषि विकास कार्यालय र सम्बन्धित उपभोक्ता संस्थासंग" भन्ने शब्दहरु राखिएका छन् ।

१०. <u>मूल नियमावलीको नियम २२ मा संशोधन</u>: मूल नियमावलीको नियम २२ को,

(१) उपनियम (१) मा रहेका "परियोजना कार्यालयले" भन्ने शब्दहरु पछि "उपभोक्ता संस्थाको समन्वयमा" भन्ने शब्दहरु थपिएका छन् ।

(२) उपनियम (२) मा रहेका "सिंचाई तथा नदी नियन्त्रण समिति" भन्ने शब्दहरु झिकिएका छन् ।

११. <u>मूल नियमावलीको नियम २३ मा संशोधन</u>: मूल नियमावलीको नियम २३ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएकोछ:-

"(क) उपभोक्ता संस्थाले संकलन गरी बुझाउनुपर्ने रकम नबुझाएसम्म,"

१२. <u>मूल नियमावलीको नियम २६ मा संशोधन</u> : मूल नियमावलीको नियम २६ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) प्रमुख, सम्बन्धित सिंचाइ कार्यालय - अध्यक्ष"

(२) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ:-

"(घ) जिल्ला सिंचाइ उपभोक्ता संघको प्रतिनिधि -सदस्य ."

१३. <u>मूल नियमावलीको नियम २८ मा संशोधन</u>: मूल नियमावलीको नियम २८ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) सिंचाइ सेवा उपलब्ध भई बढ्न जाने औसत कृषि उत्पादनको आधारमा प्रत्येक बालीको लागि न्यूनतम सेवा शुल्क निर्धारण गर्ने,

(२) खण्ड (ख) मा रहेका "र सिंचाई तथा नदी नियन्त्रण समिति" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) खण्ड (ग) मा रहेका "सिंचाई तथा नदी नियन्त्रण समिति र" भन्ने शब्दहरु झिकिएका छन् ।

१४. <u>मूल नियमावलीको नियम २९ मा संशोधन</u>: मूल नियमावलीको नियम २९ को सट्टा देहायको नियम २९ राखिएको छ:-

"२९. <u>सेवा शुल्क बुझाउनु पर्ने</u>: (१) सेवा उपभोग गर्ने उपभोक्ताले यस नियमावली बमोजिम बुझाउनु पर्ने सेवा शुल्क उपभोक्ता संस्था वा त्यस्तो सेवा शुल्क उठाउन अधिकार प्राप्त व्यक्ति वा संस्थालाई बुझाई रसिद समेत लिनु पर्नेछ ।

(२) संयुक्त व्यवस्थापनमा संचालित सिंचाइ प्रणालीमा सेवा शुल्क उठाउने दायित्व उपभोक्ता संस्थाको हुनेछ । उपभोक्ता संस्थाले श्री ५ को सरकारले घोपित गरेको सिंचित क्षेत्रमा सेवा उपभोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नभएको अवस्थामा पनि नियम २६ बमोजिमको समितिले निर्धारण गरिदिए अनुरुपको न्युनतम सेवा शुल्क प्रत्येक उपभोक्ताबाट उठाउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम उपभोक्ताबाट उठाएको रकममध्येबाट उपभोक्ता संस्थाले अनुसूची-३ को तालीका बमोजिम आफूले पाउने अंश आफ्नो खातामा जम्मा गरी बांकी रकम केन्द्रीय मर्मत संभार कोष र राजस्वमा बुझाई सोको निस्सा सम्बन्धित सिंचाइ कार्यालयमा बुझाउनु पर्नेछ।

(४) श्री ५ को सरकारले उपनियम (३) बमोजिम केन्द्रीय मर्मत संभार कोष र राजस्वमा रकम जम्मा नभएका सिंचाइ प्रणालीमा थप लगानी गर्ने छैन।"

१५. मूल नियमावलीको नियम ३० मा संशोधन: मूल नियमावलीको नियम ३० को उपनियम (१) मा रहेका "परियोजना कार्यालयलाई" भन्ने शब्दहरुको सट्टा "उपभोक्ता संस्था वा अधिकार प्रात व्यक्ति वा संस्थालाई" भन्ने शब्दहरु राखिएका छन्।

१६. मूल नियमावलीको नियम ३७ मा संशोधन : मूल नियमावलीको नियम ३७ मा रहेका "सम्वन्धित परियोजना रहेको जिल्लाको जिल्ला सिंचाइ कार्यालयमा सर्नेछ" भन्ने वांक्याशको सट्टा "विभागले तोकेको सिंचाइ कार्यालयमा सर्नेछ" भन्ने वाक्यांश राखिएको छ।

१७. मूल नियमावलीको नियम ३९ मा संशोधन: मूल नियमावलीको नियम ३९ को उपनियम (१) मा रहेको खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छः–

"(झ) सिंचाइ प्रणालीमा रहेका बाँध (हेडवर्क्स) र नदीमा रहेका अन्य संरचनाको तल माथि सम्बन्धित सिंचाइ कार्यालयले तोकिदिएको क्षेत्रभित्र ढुंगा, बालुवा आदि निकाल्न,"

१८. मूल नियमावलीको नियम ४२ मा संशोधन: मूल नियमावलीको नियम ४२ को सट्टा देहायको नियम ४२ राखिएको छः-

"४२. जनसहभागिता: (१) परियोजना निर्माणको लागत अनुमानमा उपभोक्ताले अनुसूची-४ बमोजिमको लगानीको अंश व्यहोनु पर्नेछ।

तर उपभोक्ताको लगानीको अंश परियोजनाको लागतको पन्ध्र प्रतिशतभन्दा बढी र तीन प्रतिशत भन्दा कम हुने छैन।

(२) श्री ५ को सरकाले विकास निर्माण गर्ने कुनै सिंचाइ परियोजनाको नहर, शाखा नहर वा प्रशाखा नहरबाट उपभोक्ताको जमीनमा पानी पुऱ्याउने प्रयोजनको लागि निर्माण गरिने कुलो वा कुलेसोको लागि आवश्यक पर्ने जमीन सम्बन्धित उपभोक्ताले उपभोक्ता संस्थालाई हस्तान्तरण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जमीन हस्तान्तरण भएको जानकारी सम्बन्धित सिंचाइ कार्यालयलाई दिनुपर्नेछ र सिंचाइ कार्यालयले हस्तान्तरित जमीनको लगत कट्टा र मालपोत मिन्हाको लागि कारवाही चलाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम हस्तान्तरित जमिनको प्रचलित मूल्य कायम गरी सम्बन्धित उपभोक्ताले उपनियम (१) बमोजिम व्यर्होनु पर्ने रकममा समायोजन गरिनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कुलो कुलेसोको निर्माणमा जमीन पर्ने तर सिंचाइ सुविधा नपाउने कृषकलाई प्रचलित दर बमोजिम हुन आउने जमीनको मूल्य बराबरको रकम उपभोक्ता संस्थाको संकलित रकमबाटै भुक्तानी गर्नुपर्नेछ ।

(६) यस नियममा जुनसुकै कुरा लेखिएको भएतापनि उपनियम (१) बमोजिमको रकम उठ्ने निश्चित नभएसम्म कुलो वा कुलेसो निर्माण कार्य शुरु गरिने छैन ।"

१९. मूल नियमावलीको नियम ४३ मा संशोधनः मूल नियमावलीको नियम ४३ को सट्टा देहायको नियम ४३ राखिएको छः-

"४३. अनुगमन तथा मूल्यांकन समितिः (१) सिंचाइ प्रणालीले पुऱ्याएको सेवा, पानीको परिमाण, बाली सघनता, उत्पादन वृद्धि, उपभोक्ता संस्थाको संस्थागत तथा आर्थिक स्थिति र कार्यक्षेत्रमा भएका परिर्वतन समेतलाई आधार मानी सिंचाइ प्रणालीको अनुगमन तथा मूल्यांकन गर्न श्री ५ को सरकारले आवश्यकता अनुसारको अनुगमन तथा मूल्यांकन समिति गठन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा मूल्याङ्कन समिति गठन गर्दा अन्य व्यक्तिहरूको अतिरिक्त सिंचाइ उपभोक्ता संघको पनि प्रतिनिधित्व गराईनेछ ।"

२०. मूल नियमावलीमा नियम ४३क. र ४३ख. थपः मूल नियमावलीको नियम ४३ पछि देहायका नियम ४३क. र ४३ख. थपिएका छन् :-

"४३क. कबुलियत गरी सञ्चालन गर्न दिन सकिनेः (१) यस नियमावलीमा जुनसुकै कुरा लेखिएको भएतापनि संयुक्त व्यवस्थापनमा रहेको वा श्री ५ को सरकारद्धारा सञ्चालित प्रणालीभित्रका नहर, शाखा नहर, प्रशाखा नहर तथा कुलोको आंशिक वा पूर्ण रुपमा मर्मत, सम्भार तथा सञ्चालनको जिम्मेवारी कुनै व्यक्ति, उपभोक्ता संस्था वा गैर सरकारी संस्थालाई प्रतिस्पर्धाको आधारमा विभागले कबुलियत गरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कबुलियत गरी दिनको लागि राष्ट्रियस्तरको पत्रपत्रिकामा कम्तिमा पैंतीस दिनको सूचना प्रकाशन गर्नु पर्नेछ र सो सम्बन्धी अन्य कार्यविधि निर्देशिकामा उल्लेख भएवमोजिम हुनेछ ।

४३ख. व्यवस्थापन हस्तान्तरण गर्न सकिनेः (१) श्री ५ को सरकारद्धारा निर्माण गरी हाल संयुक्त व्यवस्थापनमा सञ्चालित ठूला तथा मझौला प्रणालीमा श्री ५ को सरकारको तर्फवाट गरिदै आएको नियमित व्यवस्थापनको जिम्मेवारी हस्तान्तरणको लागि स्थानीय निकायबाट माग भईआएमा स्थानीय निकायको प्राविधिक क्षमता र स्रोतको व्यवस्था समेतलाई हेरी व्यवस्थापन हस्तान्तरण गर्न सकिनेछ ।

(२) व्यवस्थापन हस्तान्तरण गर्ने सम्बन्धी अन्य कार्यविधि निर्देशिकामा उल्लेख भएवमोजिम हुनेछ ।"

२१. मूल नियमावलीको नियम ४४ मा संशोधनः मूल नियमावलीको नियम ४४ को उपनियम (१) मा रहेका "जिल्ला सिंचाइ कार्यालयद्धारा" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित सिंचाइ कार्यालयद्धारा" भन्ने शब्दहरु राखिएका छन् ।

२२. मूल नियमावलीमा अनुसूची थपः मूल नियमावलीको अनुसूची-२ पछि यसै साथ संलग्न अनुसूची-३ र अनुसूची-४ थपिएका छन् ।

२३. खारेजी मूल नियमावलीको परिच्छेद ३ खारेज गरिएको छ ।

२४. रुपान्तर : मूल नियमावलीको अनुसूची -१ र अनुसूची-२ मा रहेका "जिल्ला सिंचाइ कार्यालय" भन्ने शब्दहरुको सट्टा " ...... सिंचाइ कार्यालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची-३
(नियम २९ को उपनियम (३) संग सम्बन्धित)
**कृषक उपभोक्ताहरुबाट उठ्ने सिंचाइ सेवा शुल्कको बाँडफाँड तालीका**

| प्रणाली सञ्चालनमा सहभागिताको स्थिति | सिंचाइ सेवा शुल्कबाट उठेको रकम बाँडफाँडको व्यवस्था (प्रतिशतमा) | | |
|---|---|---|---|
| | केन्द्रीय मर्मत सम्भार कोष, सिंचाइ विभाग | श्री ५ को सरकारको राजश्व | उपभोक्ता संस्थाले पाउने अंश |
| १. कुलो र सो भन्दा मुनि जल उपभोक्ता संस्थावाट सञ्चालन हुने र कुलो भन्दा माथि श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | ४० | ४० | २० |
| २.प्रशाखा नहर र सो भन्दा मुनी जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र प्रशाखा नहर भन्दा माथि श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | ३० | ३० | ४० |
| ३.उप शाखा नहर र सो भन्दा मुनी जल उपभोक्ता संस्थाबाट सञ्चालन हुने र उप शाखा नहर भन्दा माथि श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | २० | २० | ६० |
| ४.मूल नहर भन्दा मुनिको सबै नहरहरु उपभोक्ता संस्था बाट र बाँकि श्री ५ को सरकारले व्यवस्थापन गरेको हकमा | १० | १० | ८० |
| ५.हेडवर्क्स बाहेक मूल नहर सहित अन्य सम्पूर्ण संरचना जल उपभोक्ता संस्थाको व्यवस्थापनमा रहेको हकमा | ५ | ५ | ९० |
| ६. सम्पूर्ण योजना हस्तान्तरण भएको हकमा | ० | ५ | ९५ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

अनुसूची – ४
(नियम ४२ को उपनियम (१) संग सम्बन्धित)

उपभोक्ताले व्यहोर्नु पर्ने अंशको तालिका

| उपभोक्ताको औसत सिंचित क्षेत्र | मुहानको काममा लागतको प्रतिशत | मूल नहरको काममा लागतको प्रतिशत | शाखा नहरको काममा लागतको प्रतिशत | प्रशाखा नहरको काममा लागतको प्रतिशत |
|---|---|---|---|---|
| ०.५ हे. भन्दा कम | ० | ० | ० | १० |
| ०.५ हे. देखि १.० हे.भन्दा कम | ० | ० | ५ | १० |
| १.० हे. देखि ५.० हे. भन्दा कम | १ | ३ | ७ | १२ |
| ५ हे. र सो भन्दा माथि | ३ | ५ | १० | १५ |

नोट : १.प्रशाखा नहर भन्दा तलका सम्पूर्ण सिंचाइ संरचनाको निर्माण लागत उपभोक्ता संस्थाले व्यहोर्नु पर्नेछ ।

२. उपभोक्ताले व्यहोर्नु पर्ने अंशको हकमा नगद र श्रम दुबैलाई गणना गरिनेछ ।

३.भूमिगत जलस्रोत अन्तर्गत डीप ट्यूववेल सिंचाई प्रणालीको हकमा उपभोक्ता संस्थाले निर्माणको कुल लागतको पन्ध्र प्रतिशत अंश व्यहोर्नु पर्नेछ । स्यालो ट्यूववेलको हकमा ट्यूववेल निर्माणमा लाग्ने सम्पूर्ण लागत उपभोक्ता संस्थाले व्यहोर्नु पर्नेछ ।

आज्ञाले,
डा. किशोर बाबु अर्याल
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग